स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

"सवारी साधन चलाउनु पूर्व चेकजाँच गरेर मात्र सवारी चलाउनुहोस् ।"

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



उषा उप्रेतीको अभिनय रहेको डान्सिङ नम्बर 'भर्जिन जवानी' सार्वजनिक गरिएको छ । गीतमा मोडल उषा उप्रेतीलाई म्युजिक भिडियोमा अहिलेसम्मकै बोल्ड अवतारमा प्रस्तुत गरिएको छ । शुक्र तामाङको निर्माण रहेको म्युजिक भिडियोलाई सुरेश पाण्डेयले निर्देशन गरेका हुन् । गीतको भिडियोमा कोरियोग्राफी पनि स्वयम् निर्देशक पाण्डेकै रहेको छ । राजु कोइरालाको शब्द रहेको गीतमा दुर्गा दाहाल साउदको संगीत तथा स्वर छ ।

**आजको विचार...**



शुक्रऋषि चौलागाई

छाडा...
(दुई पेजमा)

रेखा थापा स्टारर फिल्म 'उपहार : द जर्नी लाइफ'को नयाँ गीत 'कहिले बार बिर्सिन्छु' सार्वजनिक भएको छ । सार्वजनिक गीतमा अर्जुन पोखरेलको संगीत, अञ्जु पन्त र साइराज खातीको स्वर छ ।



❑ वर्ष २९ ❑ अंक २१४ ❑ २०८० फागुन १९ गते शनिबार 2 March 2024, Saturday ❑ पृष्ठ संख्या ४ मूल्य रु ५/-

## संक्षिप्त समाचार

### ढाकामा आगलागी हुँदा कम्तीमा ४३ जनाको मृत्यु

**(रासस/सिन्ह्वा)**

**ढाका,** फागुन १८/बङ्गलादेशको राजधानी ढाकाको एक अग्लो भवनमा बिहीबार राति आगलागी हुँदा कम्तीमा ४३ जनाको मृत्यु भएको छ । बङ्गलादेशका स्वास्थ्य तथा परिवार कल्याणमन्त्री समान्तलाल सेनले शुक्रबार बिहान सिन्ह्वासँगको कुराकानीमा घटनाको पुष्टि गरेका हुन् । उनका अनुसार ३३ जनाको शव ढाका मेडिकल कलेज अस्पतालमा र १० जनाको शव ढाकास्थित शेख हसिना नेसनल इन्स्टिच्युट अफ बर्न एन्ड प्लास्टिक सर्जरीमा ल्याइएको छ । ढाकास्थित फायर सर्भिस एण्ड सिभिल डिफेन्स हेडक्वाटरका इन्स्पेक्टर अनवारुल इस्लामले सिन्ह्वासँग कुरा गर्दै ४२ जना अचेत अवस्थामा रहेकासहित करिब ७५ जनालाई 'ग्रिन कोजी कटेज सपिङ मल'बाट उद्धार गरिएको र उनीहरुलाई विभिन्न अस्पतालमा लगिएको बताए । इस्लामका अनुसार उद्धारकर्मीले घटनास्थलमा काम गरिरहेका छन् । बिहीबार राति ९:३० बजेतिर आगलागी भएको सूचना पाएपछि दमकल पठाइएको उनले बताए । स्थानीय समयअनुसार बिहीबार राति ११:३० बजे १२ वटा दमकल घटनास्थलमा पुगेर आगो नियन्त्रणमा लिएका थिए । अधिकारीका अनुसार सात तले भवनमा एउटा रेस्टुरेन्ट, एउटा आउटलेट र अन्य थुप्रै पसलहरू छन् ।

# रिब्दीकोट गाउँ सरकारद्वारा श्रमिक सम्मानित

## अध्यक्षको पारिश्रमिकबाट स्वास्थ्य बिमा

**कृष्ण पोखरेल**

**पाल्पा,** फागुन १८/पाल्पाको रिब्दीकोट गाउँपालिलकाले पालिका भित्रका श्रमिकहरुलाई सम्मान गरेको छ । पालिकाले एक औपचारिक कार्यक्रमको आयोजना गरी ६० जना श्रमिक वर्गलाई सम्मान गरेको हो ।

नियमित रुपमा ज्याला मजदुरी गरेर जीविकोपार्जन गर्दे आएका श्रमिकहरु र उनीहरुको श्रमलाई सम्मान गर्दै आगामी दिनमा थप प्रभावकारी ढंगले श्रममा लाग्न उतप्रेरण प्रदान गर्ने उद्देश्यले पालिकाले उनीहरुलाई सम्म्मान गरेको जनाएको छ । श्रम गर्ने मध्ये अधिकांसले जाँड रक्सी समेत सेवन गर्ने गर्दछन् । त्यस्ता श्रमिकहरुलाई समेत त्यस्तो कूलतबाट अलग राखी सहज, सरल र सम्मानजनक रुपमा समाजमा बाँच्न पाउने अधिकारको सुनिश्चत गर्नका लागि पनि पालिकाले श्रमिकहरुको खोजी गरी सम्मानको थालनी गरेको हो । पालिकाले उनीहरुलाई टिका, फूलमालासहित पोशाक वितरण गरी सम्मान गरेको छ ।

हाम्रो समाजमा श्रमिकलाई अपमान गरिन्छ, जाड रक्सी खानेलाई गाली गरिन्छ, प्रहरीले पक्राउ गर्छ थाना चौकीमा लैजान्छ, थुन्छ, कानुनी कारवाही गर्छ । तर रिब्दीकोट गाउँ सरकारले भने ठिक उल्टो काम गरेको छ । कार्यक्रममा रिव्दीकोट गाउँपालिका-१ ख्याहाका रोशनबहादुर सुनार रक्सी खाएकै अवस्थामा मञ्चमा गए । रक्सीको नसाले आफुलाई बहुला बनाएको गीत गाए । कक्षा ८ मा पढ्दै गरेको छोरीलाई सम्झिए । छोरी अब चिन्ता नलिग, मैले आजदेखि रक्सी खान छोडे तिमीलाई चाहेजति पढाउने प्रतिवद्धता जनाए । सम्मानित भएका सबै रक्सी खानेहरुले ताली पिटे, मञ्चमा बसेका अतिथिहरुले आशु झारे । रिब्दीकोट-३ खस्यौलीका सन्तबहादुर विश्वकर्माले पालिकाको सम्मान कार्यक्रममा आउँदासम्म विहानदेखि तीन गिलास रक्सी खाई सकेका थिए । गाउँपालिकामा प्रहरीहरु देख्दा हामीलाई पक्राउ गर्न बोलाएको हो की जस्तो सन्तबहादुरलाई लागेको थियो तर रक्सीकै नसामा पनि गाउँपालिकाले फूलमालाले सम्मान गरेपछि उनको दिमागमा केही हलचल भयो । 'साथी भाईको संगतले रक्सी खान सिकियो, रक्सीले त हाम्रो जीवनै बर्वाद पारेको रहेछ, आजैदेखि रक्सीको मात्रा घटाएर छोड्छु' सन्तबहादुरले कार्यक्रमको मञ्चमै पुगेर बाँचा गरे ।

स्थानीय सरकार भनेकै जनताहरुको दु:खमा साथ दिने, सुसस्कृत समाज निर्माण गर्ने, विकृति विसंगति हटाउने, समाजमा मेल मिलापको वातावरण बनाउने, जनताको अविभावकत्व ग्रहण गर्ने भएकाले गाउँपालिकाले नियमित जाड रक्सी खाने श्रमिकलाई खोजी खोजी सम्मान गरेर रक्सी खाने मन विचार बुद्धिलाई सही काममा मोड्नको लागि पहिलो पटक यो अभियान शुरु गरिएको गाउँपालिकाका अध्यक्ष नारायणबहादुर कार्कीले बताए । 'जाँड, रक्सी, सुर्ती, खैनी खाने नखाने सबैका लागि गाउँपालिका अविभावक हो ।

*(...बाँकी अन्तिम पेजमा)*







### अध्यक्षको पारिश्रमिकबाट स्वास्थ्य बिमा

कार्यक्रममा आएका अति विपन्न गरिब आर्थिक अवस्था कमजोर भएका ३० श्रमिकका घरपरिवारलाई पालिका अध्यक्ष कार्कीले आफ्नो तलब भत्ताबाट नि:शुल्क रुपमा स्वास्थ बिमा समेत गरिदिएका छन् ।

उनले आधारभूत स्वास्थ्य उपचारबाट कुनै पनि नागरिक बञ्चित हुन नपरोस् भनेर स्थानीय सरकारले स्वास्थ्यमा महत्वपूर्ण कार्यक्रमहरु समेत ल्याएको बताए । अध्यक्ष कार्कीले निर्वाचित भएपछि सरकारबाट पाउने तलब सुविधा समेत विपन्न जनताको सेवामा खर्चिदै आएका छन् । उनले आफूले पाउँदै आएको तलब गरिब, विपन्न, असहाय, गाउँपालिकाको धार्मिक, शैक्षिक, पर्यटकीय, कृषि लगायतका विभिन्न क्षेत्रमा सहयोग गर्दै आएको पाइन्छ ।

## सवारी साधन व्यवस्थापनका लागि अनुरोध

- काठमाडौं उपत्यका प्रवेश गर्ने र बाहिरिने लामो तथा मध्यम दुरीका बसहरु गोंगबुस्थित नयाँ बासपार्क वा तोकिएका अन्य स्थानबाट ओराल्ने र चढाउने गरौं ।
- सवारी व्यवस्थापनमा तोकिएका नियम पूर्णरुपले पालना गरौं ।
- शहरी क्षेत्रका तोकिएका स्थानमा मात्र यात्रुबाहक सवारी साधन रोक्ने, यात्रु चढ्ने र ओर्लने गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

# सबैको उत्सव, तानसेन महोत्सव आजदेखि

**रामचन्द्र रायमाझी**

**पाल्पा,** फागुन १८/तानसेनको टुँडिखेल मैदानमा आजदेखि प्रथम तानसेन महोत्सव २०८० हुँदैछ । १० महिनापछि फेरि पाल्पाको तानसेन उत्सवमय बन्दै छ । बच्चाबच्ची, बुढाबुढी, युवा र युवती, सबैको लागि तानसेन महोत्सव उत्सवमय बन्ने छ ।

गाउँ-गाउँबाट मेला अवलोकनका लागि विभिन्न व्यक्तिहरुले समय मिलाएर आउँदैछन् । आजदेखि यहाँ फरक प्रकृतिको माहोल हुँदैछ । केही वर्ष यता सुनशान बनेको तानसेन फेरि एक पटक गुञ्जायमान बन्दैछ । मानिसहरुको चहलपहल बढ्दो छ । तानसेन नगरपालिकाको आयोजना र राजधानी राइड्र्स नेपालको व्यवस्थापनमा पहिलो पटक तानसेन महोत्सव हुन लागेको हो । पाल्पा उद्योग वाणिज्य संघले २०६० यता हरेक वर्ष महोत्सव आयोजना गर्दै आएको छ । उसले यस अघि वैशाख १४-२४ गतेसम्म १३ औं पाल्पा महोत्सव गरेको थियो । यस पटक तानसेनमा महोत्सव भएको एक वर्ष नपुग्दै पुन: तानसेन महोत्सव हुन लागेको हो । कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापारको प्रवर्द्धन गर्ने उद्देश्यले नगर सरकारले पहिलो पटक व्यापार महोत्सव गर्न लागेको नगर प्रमुख सन्तोषलाल श्रेष्ठले बताए । उनले महोत्सवमा पाल्पा र नगरभित्र उत्पादित कृषि तथा घरेलु उद्योगका मात्रै ५० स्टल रहने बताए । महोत्सवमा ३ सय स्टल राखिनेछ । महोत्सवबाट नगरको आन्तरिक राजश्वमा वृद्धि हुने र त्यसले तानसेनको समग्र विकासमा सकारात्मक प्रभाव पार्ने नगर प्रमुख श्रेष्ठको भनाई छ । महोत्सवको सम्पूर्ण तयारी पुरा भएको नगर प्रवक्ता यादवसिंह कार्कीले बताए । महोत्सवमा विद्यालय स्तरीय नृत्य प्रतियोगिता, स्थानीय स्तरका कलाकारहरुको नृत्य, झाँकी जस्ता प्रतियोगिता हुने उनले बताए । महोत्सवमा समाचार संकलनका लागि पत्रकारहरुलाई परिचयपत्र अनिवार्य गरिएको र थप पासको आवश्यक नपर्ने नगरपालिकाका प्रेस सल्लाहकार मुक्ति न्यौपानेले बताए ।

महोत्सवबाट ६१ लाख बढी बचत गर्ने नगरपालिकाले लक्ष्य लिएको छ । महोत्सवले चौतर्फी व्यवसायमा सहयोग गर्नेछ । सुस्ताएको व्यवसाय माथि उठाउन महोत्सवले इट्टा थप्ने नगर सरकारले विश्वास लिएको छ । यसले व्यवसायी बीच सहकार्य गर्ने समेत अवसर दिन्छ ।

महोत्सवमा पाल्पालाई झल्काउने फोटो प्रदर्शनी धार्मिक तथा ऐतिहासिक स्थलको परिचय, काष्ठकला, स्थानीय घरेलु तथा कुटिर उद्योग, कृषि तथा वन्यजन्तु उत्पादनको प्रदर्शनी तथा विक्रि समेत राखिने छ । मेलामा स्थानीय तथा राष्ट्रिय स्तरका कलाकारहरुको प्रस्तुति पनि रहने छ । महोत्सव फागुन १९ गतेदेखि २९ गतेसम्म सञ्चालन हुनेछ ।



पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक

# सम्पादकीय

## दूध किसानका समस्या सम्बोधन गर

देशभरका दूध उत्पादक किसानहरु आन्दोलित भइरहेका छन् । उत्पादित दूध बिक्री नहुनु, बिक्री भइहाले पनि त्यस बापतको भुक्तानी हात नपर्नु जस्ता समस्या उठाएर किसानहरु आन्दोलन गरिहेका छन् । यो उनीहरुको पहिलो आन्दोलन हैन । विगतदेखि नै उनीहरुले सरकारलाई आफ्ना समस्याहरु राख्दै संघर्ष गर्दै आए । सरकार समक्ष पटक–पटक वार्ता गरे पनि राज्यले कुनै पनि सुनुवाइ नगरेपछि सडक आन्दोलनमा उत्रिनु उनीहरुको बाध्यता बनेको छ । पछिल्लो केही दिन यता देशका अधिकांस जिल्लाहरुमा किसानहरु आन्दोलनमा उत्रिएर दूध सडकमा खन्याएका समाचारहरु आइरहेका छन् । तर सरकारले प्रभावकारी कदम चाल्न सकिरहेको छैन । दूध उत्पादनको बिक्री सुनिश्चित गर्नुपर्ने, भारतबाट आयातित दूध रोकी किसानको रकम तत्काल भुक्तानी गर्नुपर्ने माग उनीहरूको छ । किसानले आफूले बेचेको दूधको पैसा नपाएको तीन–चार महिना भएको छ । दुग्ध विकास संस्थान, नेपाल डेरी उद्योग संघ र नेपाल डेरी एसोसिएसनले किसानलाई भुक्तानी दिन बाँकी सात अर्ब रुपैयाँ हाराहारी पुगिसकेको छ ।

सरकारी स्वामित्वको संस्थानले मात्रै भुक्तानी ढिला गर्दा करिब दुई लाख किसान प्रभावित छन् । केही महिनाअघि मात्रै लम्पी स्किन रोगको महामारी देशव्यापी फैलँदा किसानले ठूलो पशुधनको क्षति गुमाउनु पऱ्यो । तर पीडित किसानलाई सरकारले क्षतिपूर्ति पनि दिएन । महामारीबाट जसोतसो जोगिएका गाईभैंसीबाट उत्पादित दूधको बजार सहज बनाउने दिशामा समेत सरकारले ध्यान दिएको छैन । दूधको भुक्तानी नपाउँदा र दूध बिक्री नहुँदा पशुपालक किसान पलायन हुने अवस्था आएको छ । यो अत्यन्त दुखको कुरा हो । सरकारले किसानलाई विभिन्न शीर्षकमा यसअघि दिँदै आएको अनुदानमा कटौती गरेर किसानलाई राहत दिनुको साटो उल्टै चोट दिने काम गरेको छ । नेपालको अर्थतन्त्रको एक चौथाई हिस्सा कृषि क्षेत्रले धानेको छ । तर, सरकार यो तथ्यमाथि खेलवाड गरेर किसानलाई डुवाउने प्रयासमा लागेको छ । यो कदापि राम्रो होइन । हिउँद दूध उत्पादन बढी, खपत बढी हुने याम हो । बजारमा माग घट्ने समय (असोज–फागुन) मा पर्याप्त धूलो दूध उत्पादन गरेर माग बढी हुने समय (चैत–भदौ) मा बजार पठाउने प्रणाली मात्र व्यवस्थित गर्न सके किसानले दूध बेच्न नपाउने र भुक्तानी ढिलो हुने समस्या धेरै हदसम्म हट्न सक्छ । सरकारको किसानमाथि थोरैपनि सहानुभूति छ भने दूध किसानको समस्या तत्काल सम्बोधन गरी यसतर्फ ध्यान दिन जरुरी छ ।

### Opinion @ Social Network

जिउँदो हुँदा सम्म हो अरुको सानो कुराले मन दुख्ने,
मरेपछि त आगोले पोल्दा पनि दुख्दैन ।

(शिव कार्कीको फेसबुकबाट https://www.facebook.com.Karki Jii)

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# छाडा चौपाया व्यवस्थापनको चुनौती



शुक्रऋषि चौलागाई

*अनुमतिबिना गाईलगायतका चौपाया पालन गर्न बजार क्षेत्रमा रोक लगाइनु पर्छ । जनावरको 'ट्याग' गरेर लगत राख्ने अनि पशुधनीलाई कारबाहीको दायरामा ल्याउने गर्नु पर्छ । गाई/गोरुलाई सडकमा छाडेर पशु धनीले हिंसामाथि हिंसा गरिरहेका छन् । गाई वस्तुलाई सडकमा पुऱ्याइनु अबोध, निरीह प्राणी माथिको अत्याचार पनि हो । यस्ता पशुधनीलाई कानूनी रूपमा कारबाही र सामाजिक रूपमा हतोत्साही गरिनुपर्छ । गाईसहितका पशु चौपायाको व्यवस्थापनका लागि पर्याप्त जग्गा भएको भौतिक संरचनासहितको आश्रयस्थल बनाउनु पर्छ । केही सहरमा काञ्जीहाउस, आश्रयस्थल निर्माण त गरिएका छन् तर तिनको प्रभावकारी व्यवस्थापन र दीर्घकालीन स्थायित्व भने खोजिएको छैन ।*

सनातन धर्म मान्नेहरूले जनावरलाई भगवान सरह मान्दछन् । तिहारमा गाई, कुकुर, गोरुलाई पूजा गर्ने पनि गर्दछन्, तर अघिपछि तीनै जनावरलाई घरबाट बाहिर छाडिदिने, लखेटिदिने पनि गरेको पाइन्छ । पशुधनीले गोठबाट निकालेका/छाडेका चौपाया नै सडक, चोकमा आएका हुन् । छाडा चौपायाको व्यवस्थापन नै अहिले मुख्य टाउको दुखाइको विषय बनेको छ । लुम्बिनी प्रदेशका ठूला सहर नेपालगञ्ज, बुटवल, भैरहवा, तुलसीपुर, तौलिहवा, घोराही, कोहलपुर, परासीलगायतका सहरका लागि अहिले मुख्य चुनौतीका रूपमा छाडा चौपाया रहेको छ । सहर र राजमार्ग छेउछाउमा गाई, गोरु लगायतका छाडा चौपायाको बिगबिगी छ । नेपालगञ्जमा त झन् गाईगोरुसँगै गधा, घोडासमेत सडकमै देखिन्छन् । छाडा चौपायाहरू सवारीसाधन नै अवरुद्ध हुनेगरी बस्ने गरेका छन् । छाडा चौपायाका कारण दुर्घटनाको जोखिम पनि बढ्दो छ । छाडा चौपाया नियन्त्रणमा स्थानीय सरकार उदासिन भएको भन्दै सामाजिक सञ्जालमा आक्रोश व्यक्त गरिएको पाइन्छ । छाडा चौपायाको नियन्त्रण र व्यवस्थापनमा पालिकालाई थप सकस भइरहेको छ ।

**गाई/गोरुको महत्व**

हिन्दू र गाई/गोरु परिपूरक हुन् भन्दा हुन्छ । गाईबिना हिन्दू र हिन्दूबिना गाई परिकल्पना गर्न सकिन्न । अर्कोतिर गाई गुण नै गुणले भरिपूर्ण जनावर पनि हो । गाईलाई हिन्दू धर्ममा लक्ष्मी पनि भनिन्छ । यमपञ्चकको तेस्रो दिन लक्ष्मीको रूपमा गाईलाई पुजिन्छ पनि । गाईबिना स्वर्ग गइँदैन भन्ने मान्यता अनुसार हिन्दूहरूले जीवनको अन्तिमकालमा गौदान गर्ने गर्दछन् । गरुड पुराणअनुसार गाईको पुच्छर समातेर हिन्दूहरू बैतरणी नदी तरी स्वर्ग जान्छन् भन्ने विश्वास छ । गाई पूजाले करोडौंको धर्म हुन्छ भन्ने मान्यता पनि छ । हिन्दूहरूका हरेक खाले संस्कारमा गाईको गउँत प्रयोग गरिन्छ । विशेषत: शुद्ध हुनलाई गउँत चाहिन्छ । पवित्र कार्यमा शुद्ध पार्न गाईको गोबर पनि चाहिन्छ । गाईको दूध सबैभन्दा पोसिलो हुन्छ । गाईको दूध बालबालिका र वृद्धवृद्धाको लागि झनै फाइदाजनक हुन्छ । खेतीपातीको लागि गाई/गोरुको गोबर/गहुँत मलिलो मानिन्छ । हिन्दू धर्मालम्वीहरूले गोरुलाई पनि पूजा गर्दछन् । गोरु पनि सडकमै छाडिएको पाइन्छ । मुख्यत: खेतबारी जोत्नको लागि प्रयोग गरिने भए पनि अन्य समयमा पाल्न गाऱ्हो हुने भएपछि गोरु पनि सडकमै छोडिएको हो । जग्गा जोत्न गोरुको छुट्टै भूमिका हुन्छ । सडकमा छाडिएका साँडेको पनि आफ्नै महत्व छ । भगवान शिवजीको बाहन नन्दी भनी पूजा गर्ने गरी आशीर्वाद माग्ने चलन छ । गाई, गोरुको मललाई परम्परागत मलका रूपमा लिइए पनि खेतीबाली अन्न उब्जनीमा यसको प्रभावकारिता देखिन्छ । अर्गानिक मलका रूपमा यसले व्यापकता पाउँदै गएको छ । गोवर र गौ मूत्रबाट पनि आर्थिक लाभ लिन सकिन्छ । आयुर्वेदका अनुसार गौमुत्रबाट क्यान्सर लगायतका बिरामीले लाभ लिन सक्ने बताइएको छ । पछिल्लो समय वैज्ञानिकहरूले यसको पुष्ट पनि गरेका छन् ।

**किन छाडिन्छन् गाई/गोरु ?**

पशुधनीले आफूले पालेका चौपाय किन सडकमा पुऱ्याउन्छन् ? पशुरुहरू किन सडकमा ल्याइए ? पछिल्लो समय सडकमा विशेषगरी गाई, गोरु छोडने चलन बढ्दैछ । दूध देउञ्जेल पाल्ने, दूध दिन छाडेपछि गाई सडकमा छाडिदिने चलन छ । बाच्छी दूधका लागि पाल्ने तर बाच्छाहरू सडकमै पुऱ्याइदिने पनि गरिन्छ । चाड पर्ब तथा सामाजिक कार्यमा गाई चाहिने हाम्रो समाज, गाई मर्दा भने रमिते झैं हुन्छ । नाग पञ्चमीमा गोबर खोज्न हिड्ने । नागलाई दूध चढाउने । पितृ कार्य, बैबाहिक कार्य सबै काममा गाई चाहिने अनि एक मुठा घाँस दिएर पाल्न भने तयार नहुने, अचम्मको छ- हाम्रो समाज । पितृ उद्दारमा हजारौं रुपिया दान दिन तयार छ । एउटा भोको गाईलाई खुवाउन तयार छैन । भैंसी किन सडकमा छाडा छोड्दैनन् ? बाख्रा किन छाडा छोडिएन ? किनभने भैंसीको मासु खान्छन् । बाख्राको पनि मासु बिक्री हुन्छ । नगद आउँछ । तर गाईबाट के मिल्छ ? गाई/गोरु घरपालुवा जनावर हो । जहाँ छाडे पनि यो बस्ती छेउकै सडकमा आउँछ । यिनीहरूले सुख्खा ठाउँ मन पराउँछन् । त्यही भएर सडकमै बस्छन् । अहिले सडकका गाई वस्तु नियन्त्रण गर्दै काञ्जीहाउसमा पुऱ्याइए पनि सडकमा वेवारिस अवस्थामा छाडिने गाई गोरुको संख्यामा कमी आएको छैन । पशु धनीको पहिचानको अभावमा अहिले छाडा पशु बढेको हो । बजार सडकमा गाई/गोरु कति छन् ? भन्ने नै यकिन छैन । पछिल्लो समय त भारतीय सीमाबाट पनि गाई, गोरुहरू आएको अनुमान गरिएको छ । काम लाग्दाको भाँडा नचाहिंदाको ठाँडा भने झैं काम छउन्जेल गाईवस्तु पुज्ने, पाल्ने अनि काम सकिए, सडकमा फ्याँकीदिने प्रवृत्ति छ । यो हिन्दू मात्र हैन, मानव संस्कृति पनि होइन ।

**व्यवस्थापनको पहल खै ?**

जहाँ समस्या छ, त्यहाँ समाधान पनि छ । समाधान बिनाको समस्या कहीं हुँदैन । छाडा चौपायाको पनि समाधान छ तर पुरानै सोच र शैलीले मात्र सम्भव छैन । अहिलेको चुनौती भनेको गाई वस्तुलाई सडकमै आउन नदिनु र आएकालाई संरक्षण गर्नु नै हो । सडकका गाई वस्तु काञ्जीहाउस/आश्रयस्थल पुऱ्याएर मात्र पालिकाको दायित्व पूरा भएको ठहरिदैन । कतिपय पालिकाले पशु पक्रने र कान्जीहाउस पुऱ्याउने गरिरहेकै छन् तर यो दीर्घकालीन उपाय हैन । काञ्जीहाउसमा राखिएका गाई खानै नपाएर मरिरहेका समाचार पनि बेलाबेला आइरहेको छ । खान नपाएर पेट्मा ग्यास भरिएर उपचारमा समेत समस्या आएको छ । काञ्जीहाउस ठेक्का प्रक्रियामार्फत सञ्चालन गरिनुपर्छ ।

पशु सडकमा आउन नदिन र आएका पशु नियन्त्रण गर्न नयाँ सोच र विधि अपनाउन जरुरी छ । स्थानीय कानुन समेत बनाउन सक्ने सरकारले सम्वद्ध विज्ञ र सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा पहलकदमी लिन अब ढिलाई गर्नु हुँदैन । प्रथमत: सडकमा पशु छोड्नै दिन हुँदैन । छाडा पशुलाई कारवाही हैन, पशुधनीको पहिचान गरेर निजलाई कारवाही गरिनुपर्छ । कारवाहीका लागि नयाँ मापदण्ड पनि बनाइनु पर्छ । पशु चौपाया पालनमा पनि मापदण्ड बनाउनु पर्ने हुन्छ । अनुमतिबिना गाईलगायतका चौपाया पालन गर्न बजार क्षेत्रमा रोक लगाइनु पर्छ । जनावरको 'ट्याग' गरेर लगत राख्ने अनि पशुधनीलाई कारबाहीको दायरामा ल्याउने गर्नु पर्छ । गाई/गोरुलाई सडकमा छाडेर पशु धनीले हिंसामाथि हिंसा गरिरहेका छन् । गाई वस्तुलाई सडकमा पुऱ्याइनु अबोध, निरीह प्राणी माथिको अत्याचार पनि हो । यस्ता पशुधनीलाई कानूनी रूपमा कारबाही र सामाजिक रूपमा हतोत्साही गरिनुपर्छ । गाईसहितका पशु चौपायाको व्यवस्थापनका लागि पर्याप्त जग्गा भएको भौतिक संरचनासहितको आश्रयस्थल बनाउनु पर्छ । केही सहरमा काञ्जीहाउस, आश्रयस्थल निर्माण त गरिएका छन् तर तिनको प्रभावकारी व्यवस्थापन र दीर्घकालीन स्थायित्व भने खोजिएको छैन । फुल्टेक्रास्थित काञ्जीहाउस साँघुरो भएपछि नेपालगञ्ज उपमहानगरपालिकाले केही वर्षअघि वडा नं २१ मा कान्जीहाउस सञ्चालनमा ल्यायो । केही कर्मचारी खटाएर गाईगोरुलाई कान्जीहाउसमा त थुनियो तर तिनीहरूका लागि आवश्यक खानेकुराको सही व्यवस्थापन गर्न अहिले पनि हम्मेहम्मे छ ।

तिलोत्तमा नगरपालिका-१ र ८ को बीचमा कहरिया सामुदायिक वनमा गौशाला बनाएर छाडा गाईवस्तु राखिएको छ । यस्तै घोराहीमा पनि सामुदायिक वनको सहयोगमा छाडा पशु चौपाया नियन्त्रण गरिएको छ । छाडा चौपायाको समस्या दीर्घकालीन समाधान गर्न बुटवल उपमहानगरपालिकाले छिमेकी पालिकाहरूसँग समन्वय गरी प्रदेशस्तरको गौ संरक्षण केन्द्र बनाउने योजना बनाएको छ तर खासै पहल भने गरेको छैन । यस्तै तौलिहवामा सडकमै गाईगोरुको बथान देखिन्छ । तर नगरपालिकाले खास पहल गर्न सकेको छैन । यस्तै अन्य पालिकाले पनि छाडा चौपाया एउटा ठाउँबाट अर्को ठाउँ धपाउनेबाहेक ठोस पहल गरेको देखिँदैन । छाडा चौपाया नियन्त्रणको प्रयास गरे पनि दीर्घकालीनरूपमा समाधान गर्न सकिएको छैन । एउटा पालिकाले मात्रै चाहेर समाधान नहुने भएकाले सामूहिक प्रयत्नस्वरुप प्रदेश सरकारले नै अगुवाइ गर्नुपर्ने हुन्छ । स्थानीय तहले गर्दा कतै वनसँग कुरा नमिल्ने, कतै राजनीतिकरण हुनेजस्ता समस्या देखिएकाले प्रदेशले नै गौशाला बनाउँदा दीर्घकालीनरूपमा समाधान निकाल्न सकिन्छ । तर नीतिगतरूपमा स्थानीय सरकारको अधिकार क्षेत्रमा पर्ने भएकाले प्रदेशस्तरको गौशाला निर्माण गर्न नमिल्ने देखिन्छ । छाडा चौपाया व्यवस्थापनको समस्या छ भन्ने सबैलाई थाहा छ । समस्याबाट भाग्ने छुट कसैलाई पनि छैन । यसर्थ समाधान खोज्न लाग्ने हो भने स्थानीय सरकार र प्रदेश सरकारबीचको छलफलबाटै निकास खोजिनुपर्छ । नीतिगत पहलबाटै दीर्घकालीन व्यवस्थापन खोजिनुपर्छ । ***-रासस***

***(लेखक नेपालगञ्जका क्रियाशील पत्रकार समेत हुन् ।)***

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४५५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल १९५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :बन्धु-बान्धवबाट सहयोग मिल्नेछ। साहित्यिक क्षेत्रमा रुची बढ्नेछ । | **तुला** : भेटघाट र मनोरञ्जनमा सहभागिता भइएला । वैदेशिक कार्य अघी बढ्नेछ । |
| **वृष** : आज प्रिय व्यक्तिसँग भेटघाट होला मिहिनेत गरेमा कार्यसिद्धि हुनसक्छ । | **वृश्चिक** : सामान हराउने वा चोरी हुने भयछ । साँझमा मन प्रसन्न रहनेछ । |
| **मिथुन** : विद्यामा सफलता पाइएला । धनार्जनका नयाँ स्रोतहरू पत्ता लाग्नेछन् । | **धनु**:सन्तान तथा परिवारमा मेलमिलाप हुनेछ । वचन दिने बानीले अप्ठ्यारो हुन सक्छ । |
| **कर्कट** : मनोरञ्जनमा लाग्दा अवसर गुम्न सक्छ । दिनको उत्तरार्ध भने सुखद् रहनेछ । | **मकर** :प्रतिष्ठा कमाउनुको साथै सामाजिक र धार्मिक कार्यबाट सन्तोष मिल्नेछ । |
| **सिंह** : व्यापार व्यवसायमा फाईदा होला । वाहान सुख मिल्नेछ । | **कुम्भ** : लाभहानी, आयव्यय, सुखदुख बराबरी मध्यम खालको दिन छ । |
| **कन्या** : नयाँ वस्त्र, अलंकारको प्राप्ति हुनेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ। | **मीन** :अनुहारमा कान्ति र मनमा शान्ति छाउला । प्रेमीको सहयोग पाईनेछ । |

# साहित्य दर्पण

कथा — लोजी लिम्बू

## अधुरो प्रेम

*माया गलत होइन भने म पनि गलत थिइनँ । र, गलत हुन पनि त सक्दैँन । मेरो सम्बन्ध फेसबुकको स्ट्याटसबाट सुरु भएको थियो । वास्तवमा जिन्दगी एक यात्रा न हो । जहाँ सहयात्रीहरू धेरै भेटिन्छन् । यहीँ जिन्दगीलाई म आफू फेसबुकमा पोस्ट गर्दै थिएँ । कैयौं प्रतिक्रियाहरू आएका थिए । जहाँ मेरा हजारौँ साथीले कमेन्ट गरेका थिए । त्यहीँ हजारौँको भिडमा एउटा खास साथीसँग मेरो भेट भयो । सुरुसुरुमा हाम्रो त्यति धेरै कुराकानी हुदैँन थियो । कहिले काहीँ मात्र हुन्थ्यो । एक दिन उसले मलाई कुराकानी गर्ने क्रममा 'हामी कहिले भेट्ने ?' भनेर प्रश्न गर्यो । त्यो प्रश्न दोहोरिइरहन्थ्यो उसले । ऊ काठमाडौं बस्थ्यो, म पोखरा । मैले 'म काम परेको बेला आउँछु । त्यो बेला भेटौँ ।' भनेर जवाफ दिन्थैँ । त्यतिकैमा रोमान्सहरू झल्को बनेर आउँथ्यो । मनभरि झलझली । त्यस्तै-त्यस्तैमा हाम्रो प्रेम प्रगाढ बन्दै गयो । काम विशेषले म काठमाडौँ पुगेँ । कामको व्यस्तताले गर्दा तीन दिनमा नै फर्किनु पर्ने थियो । मलाई नभेटी नजाऊ भन्ने उसको आग्रहलाई मेरो बाध्यताले रोक्न सकेन । अन्ततः हाम्रो भेट भयो । अग्लो अनि मिलेको ज्यान । उसको आकर्षक शरीर र अनुहार देख्दा मलाई ऊ धेरै नै मन पर्यो ।*

प्रेम कसरी सफल बन्छ ? वा कसरी असफल बन्छ ? यदि मापन गर्नै पर्ने हो भने हाम्रो प्रेम पनि त गंगाको जल भन्दा कम चोखो थिएन । कमलको फूल भन्दा कम पवित्र थिएन । हो त्यस्तै नै थियो हाम्रो पहिलो प्रेम पनि । चोखो अनि पवित्र । माया गर्नु पाप होइन । माया गलत होइन भने म पनि गलत थिइनँ । र, गलत हुन पनि त सक्दैँन । मेरो सम्बन्ध फेसबुकको स्ट्याटसबाट सुरु भएको थियो । वास्तवमा जिन्दगी एक यात्रा न हो । जहाँ सहयात्रीहरू धेरै भेटिन्छन् । यहीँ जिन्दगीलाई म आफू फेसबुकमा पोस्ट गर्दै थिएँ । कैयौं प्रतिक्रियाहरू आएका थिए । जहाँ मेरा हजारौँ साथीले कमेन्ट गरेका थिए । त्यहीँ हजारौँको भिडमा एउटा खास साथीसँग मेरो भेट भयो । सुरुसुरुमा हाम्रो त्यति धेरै कुराकानी हुदैँन थियो । कहिले काहीँ मात्र हुन्थ्यो । एक दिन उसले मलाई कुराकानी गर्ने क्रममा 'हामी कहिले भेट्ने ?' भनेर प्रश्न गर्यो । त्यो प्रश्न दोहोरिइरहन्थ्यो उसले । ऊ काठमाडौं बस्थ्यो, म पोखरा । मैले 'म काम परेको बेला आउँछु । त्यो बेला भेटौँ ।' भनेर जवाफ दिन्थैँ । त्यतिकैमा रोमान्सहरू झल्को बनेर आउँथ्यो । मनभरि झलझली । त्यस्तै-त्यस्तैमा हाम्रो प्रेम प्रगाढ बन्दै गयो । काम विशेषले म काठमाडौँ पुगेँ । कामको व्यस्तताले गर्दा तीन दिनमा नै फर्किनु पर्ने थियो । मलाई नभेटी नजाऊ भन्ने उसको आग्रहलाई मेरो बाध्यताले रोक्न सकेन । अन्ततः हाम्रो भेट भयो । अग्लो अनि मिलेको ज्यान । उसको आकर्षक शरीर र अनुहार देख्दा मलाई ऊ धेरै नै मन पर्यो । हामीले संवादलाई कफीको स्वादसँगै अघि बढाइरहेका थियौं । एकटक नजरले हेरिरह्यो र भन्यो मलाई, 'तिमी कति सुन्दर है ?' मैले पनि गफै गफमा भनिदिएँ, 'लभ पर्ला नि फेरि ।' उसले 'लौ परेको होइन र हाम्रो लभ ?' भन्दै जिस्कायो । यतिकैमा मेरो पनि फर्कने समय भयो । फेरि भेट्ने बाचा गर्दै हामी छुटिएर गन्तव्यतिर मोडियौँ । कामको सिलसिलामा म फेरि पनि काठमाडौँ पुगेँ । हाम्रो भेट हुने कुराले खुशीको सीमा नाघिसकेको थियो । हामीले कोटेश्वरमा भेट्ने सल्लाह गर्यौं । ऊ पनि बिहानै कोटेश्वर आइपुग्यो । हाम्रो भेट भयो । होटेलमा पस्यौँ । चिया नास्ता खायौं कुरा गर्दै। एकार्कालाई पनि बुझ्दै प्रेमको गहिराइ महसुस गर्दै थियौँ । एक अर्कामा हराइरहेका थियौं । मिठामिठा कुराहरूले हामी बिचको सम्बन्धहरू निकट भइरहेको थियो । प्रेमको बहावमा हामी बिच एक अर्कामा जुठो खाना खाएर त्यो समय प्रेमिल बनाउदैं व्यतीत गर्यौं । त्यो उज्यालो मुहार, त्यो अविस्मरणीय क्षण अनि सुन्दर स्वरूप मेरो आफ्नै हो, जस्तो लाग्न थाल्यो । त्यो प्रेम कहिल्यै अन्तिम हुन्छ जस्तो लाग्न छाड्यो । समय बितेको पत्तो नै भएन । कति छिट्टै छुटिने समय पनि भएछ । हामी त्यहाँबाट निस्कियौँ । उसले मलाई बसपार्क पुराइदियो । मायाले होला बस पार्कसम्म नै आएको थियो । हामीलाई छुटिन निकै गाह्रो भयो । मन नै मानेको थिएन । त्यो स्वाभाविक थियो । तर, बाध्यताले छुटाएरै छाड्यो । मन नभए पनि बाध्यताले बस चढायो मलाई । पोखरा फर्किएँ । तर, हरेक क्षण मैले उसलाई नै सम्झिन्थें । किनकि हामी बिचमा विश्वास थियो । माया थियो । त्यहीँ भरमा म थिएँ । मैले मनबाट साँच्चिकैको विश्वास गरेको थिएँ । त्यसैले ऊ बारम्बार झल्को बनेर आइरहन्थ्यो । मेरो मनभरि भरिभराउ भएर ।

**समय बित्दै गयो ।**

उमेरले हामीलाई परिपक्व भएको संकेत गरिरहेको थियो । दिन दिनै हाँस्ने, खेल्ने र रमाउने उमेरले पार पाउदैं थियो । जिन्दगी न हो । दिन दिनै समयसँगै बगिरहन्छ । हाम्रो जिन्दगीले नि निकै डाँडा पार गरिसक्यो । अब यसरी जिन्दगी नचल्ने भयो । मलाई दिन दिनै भविष्यको चिन्ताले सताउन थाल्यो । त्यसैले हाम्रो प्रेमलाई भरोसा युक्त विश्वासमा बदल्न प्रस्ताव गरेँ । उसको जवाफमा 'पख न पख ।' भनेर टार्दै गयो । उसले 'स्नातक तह सकेर विवाह गरौँ ।' भनेर जवाफ दिन्थ्यो । उसको हरेक बहानामा म विश्वास गर्थे । मलाई लाग्थ्यो 'कति बुझ्ने मान्छे ।' जीवनमा सुख देखेको थिइनँ । दुःखै दुःखबाट हुर्किएकी छोरी म । त्यसैले हरेक जिम्मेवारीसँग म परिचित थिएँ । कर्तव्यलाई बिर्सन सक्दिन थिएँ । ऊ भने समयसँगै बदलिँदै गयो । मेरो म्यासेज र कललाई बेवास्ता गर्न थाल्यो । मैले भन्थें 'किन तिमी बदलिदैँ छौ ? किन तिम्रो मन परिवर्तन हुदैँ छ ?' यसरी नै सम्झाउँथे । उसले भने कहिले समय नभएको त कहिले पाहुना आएको भनेर बहानामा टार्दै गयो । हाम्रो कुराकानी कम हुदैँ गइरहेको थियो । उसले मलाई गर्ने व्यवहार सकारात्मक थिएन । उसले गरेको व्यवहारले म भित्र भित्रै टुटिसकेको थिएँ । म पीडाले छट्पटिन्थे । मैले एक दिन कर गरेरै सोधें, 'तिमीमा के समस्या छ ?' उसले भन्यो, 'त्यस्तो केही समस्या छैन । अब हामी छुट्नु पर्छ । तिमीलाई म अब धेरै झुटो आशामा राख्न सक्दिनँ ।' उसको निर्णयले मलाई विक्षिप्त बनायो । बनाउने नै पनि त भयो । किनकि मैले उसलाई अति नै माया गरेको थिए । विश्वास गरेको थिए । उसको निर्णयको प्रतिक्रिया दिन सकिन । 'यो निर्णयको कारण के हो ? किन अहिले आएर यस्तो धोका दिन खोज्छौ ?' हिम्मत जुटाएर सोधें । 'अब मेरो अरू नै केटीसँग विवाह हुने पक्का भइसकेको छ ।' जवाफ आयो । त्यो जवाफ सुन्दै गर्दा पागल नहुने कुरै भएन । म पागलझैँ भएँ । केही सोच्न सकिनँ । हजारौं कुराहरू खेल्न थाले मनमा । मलाई लाग्यो 'मिठो सपना देखाएर कसरी ऊ अरूसँगै पूर्ण हुन सक्छ र ?' मेरो मनमा पिडाको बज्र बज्रियो । आफूले विश्वास गरेको मान्छेबाट धोका पाउँदा कति मनमा पीडा हुन्छ ? त्यो मैले महसुस गरें । बिस्तारै उसले मलाई फेसबुकमा पनि ब्लक गरिसकेछ । फोन पनि कालोसूचीमा राखेछ । अब भने उ साँच्चिकै टाढा सम्झनु पर्ने दिन आयो । बाध्यताले त्यहाँ पुरायो । कसरी सम्झाऊँ उसलाई मैले ? सबै आशाका बाटोहरू बन्द भइसकेका थिए । बिस्तारै उसको सबै तिरबाट म ब्लक भएँ । यो नगर त्यो नगर भन्दा भन्दै पनि सुन्न चाहेन । अब भने दिनहरू वैराग्य बन्दै गयो । औचित्यहीन बन्दै गयो । तरपनि हजारौं जिम्मेवारीलाई सम्झिएँ । बाध्यताहरू आइलागे । म फेरि उही मेरो एक्लो गन्तव्यमा फर्किएँ । केवल मनमा प्रश्न नै प्रश्न मात्र बाँकी रह्यो । जुन अनगिन्ती प्रश्नहरूको जवाफ मेरा निम्ति त्यहीँ एउटा सर्प्राइज मात्र बाँकी रह्यो ।

***-साहित्यपोस्ट डटकम***

कथा — जगन्नाथ पन्त

## विभेदका कारक तत्व आर्थिक, सामाजिक कि धार्मिक ?



अघिल्लो कथामा स्कन्द पुराणका वारेमा सुनाउला भन्नु भएको थियो नि हजुरबा । मान्छे मान्छेमा जात पात, उच निच, छुत अछुत हुन्छ भन्छ र ? स्कन्द पुराणले । उसले सिलाएको लुगा लगाउन हुने, उसले बनाएका हसियाले तरकारी काट्न, जग्गेको लिंगो काट्न हुने, उसले बनाएका गहना लगाउन हुने अनि उसैसँग छोइदा सुन पानी छर्केर चोखो हुने भन्ने के हो ? विभेद गर्न धर्मले सिकाएको हो कि, आर्थिक रुपमा कमजोरलाई हेपेर होकि अथवा समाजमा चतुरहरुले आफ्नो वडप्पन राख्न हो ? नातिनीका यस्ता प्रश्नले हजुरबाको दिमागमा चट्याङ् परेजस्तो भयो । आफुले पनि छोइछिटो बारेको, उच निच गरेको, भोगेको र गरेको चलन ठिक थिएन, हैन भन्न पनि गाह्रो । ठिक हो भनौ मानिस मानिस बिच जातको आधारमा विभेद गर भनेर सृष्टिकर्ताले भन्दैन, वेदले, गीताले, श्रीमद्भागवतले भन्दैन । अहिलेको कानूनले अपराध नै भन्छ । बेठिक भनौ यत्रा वर्ष यहि गर्दै आइयो । तर पनि बाचा अनुसार नातिनीलाई चित्त बुझ्ने जवाफ दिनु पनि छ ।

सुन नातिनी खासमा मानव जन्मले सबै समान हुन । धनि, गरिब, ठूलो पद, सानो पद, सजिलो असजिलो पेशा र व्यवसायका आधारमा अवस्था र पहिचान फरक हुन गएको हो । मानिसले गर्ने कामका आधारमा सामाजिक व्यवस्था हुँदै गयो । पेशा अनुसार मानिस धनि र गरिब भए, पढेकाले आफ्नो मानका लागि शाश्त्रले यसो उसो भनेको छ भनेर आफ्नो मान बढाउन तिर लागे । कालान्तरमा शाश्त्र पनि मिलाएर छापे अनि धन, धर्म र सामाजिक रुपमा विभेदको उत्पत्ति भयो । चलन चल्दै गयो । धनको आधारमा अहिले पनि हुने र नहुने बिच विभेद छदै छ । महिलाले शिवलिंग र शालिग्राम छुन हुँदैन भने । वेद शाश्त्र पढ्न हुँदैन भने । तालेवानले अहिले पनि महिलालाई अफगानिस्तानमा कलेज जान, जागिर खान प्रतिवन्ध लगाएका छन् । बुर्का नलगाए सजाय गर्छन रे । सबै खाले धर्मले यस्तै खाले अनेक विभेद गर्न धार्मिक कट्टरताको सहारा लिएका छन् । हिन्दूले देवी, दुर्गा, लक्ष्मी, सरस्वती भनेर मूर्ति र तस्विर त पुज्छन् तर महिलालाई सामाजिक मर्यादामा समान स्थान दिन कन्जुस्याइ गर्छन् । वल्लतल्ल नेपाली क्रिकेट खेलाडीलाई तलव दिने भनेका छन् । तर महिला ए ग्रेट खेलाडीलालई पुरुष वि ग्रेटले पाउने तलव तोकेका छन् । धन र पद बांडफांट गर्ने चापी पुरुषको हातमा हुँदा राजनीतिमा ३३ प्रतिशत रे । प्रमुख ठूला दलमा बाहुन र क्षेत्री बाहेक महिला, दलित र जनजातीलाई अध्यक्ष, सभापति बनाउन पनि धर्मले नै छेकेको होला र ? निर्वाचित वा मनोनयन हुनै पर्ने वा सरकारी पदमा आरक्षण प्रतिशत बाहेक दलभित्र के संख्याको अनुपातमा महिला, दलित र अन्यले पद पाएका देखिकी छौ र ? कि यसमा पनि धर्मले छेकेर विभेद गरेको होला र ? त्यसैले विभेदको कारक धार्मिक होइन । हुनु हुँदैन । दलितले पनि दलित थर मेटाएर अन्य थर राख्ने तर आरक्षणमा भने दलित हौ भनेर हिस्सा लिने जस्ता चलनले विभेदलाई समुल नष्ट गर्न बल पुग्दैन । दलित थर मर्यादित राख्न पाउनुपर्छ र दलित हौ भनेर गर्व गर्न र दलित पनि अरु सरह हौ भन्ने अवस्था हुनुपर्छ । जस्तो कि पहिले तराइ मूलका नागरिकलाई मधेशी भन्दा हेपेको मानिन्थ्यो, अहिले आएर गर्वले भनौ हामी मधेशी हौ भन्ने नारा आएपछि मर्यादा बढेको छ नि । शिव, बिष्णु, महादेव, राम, कृष्ण, यशुख्रिष्ट, पैगम्वर कसैको नाम पछाडी थर छ र ? अनि थर कै आधारमा विभेद धर्मले होइन सामाजिक रुपमा हो र विभेद हटाउने काम पनि समाज कै हो ।

स्कन्द पुराण भन्दछ जन्मना जायते शुद्रः संस्कारत भवेत् दुजः, वेद पाठत विप्राः ब्रह्म जाना ईति ब्राह्मणा । त्यसै गरि मनुले भन्नु हुन्छ शुद्रो ब्राह्मणतामेति ब्राह्मणस्यच ईति शुद्रताम् । क्षत्रिया जातमेवत विध्याद्वष तथैवचः । स्कन्द पुराणले, मनुले कर्म अनुसार मानिसको स्तर हुन्छ भनेको छ । जन्मले सबै एकै हुन् । जन्म पछि जस्तो कर्म गर्छ, त्यसै अनुसार मानिसको स्थान हुन्छ भनेको छ शास्त्रले । जन्मजात उच निच जात भनकै छैन सनातन वैदिक धर्मले । खनाल, पाण्डे, पन्त, त्रिपाठी, पौडेलको सन्तान हुदैमा ती ब्राहृमण हुँदैनन यदि वेद, शाश्त्र पढेका छैनन भने । विस्वकर्मा, गन्धर्व, स्वर्णाकार आदि थर भएता पनि यदि उनले वेद, शास्त्र पढेका जानेका छन् भने ति शुद्र हुँदैनन्, ति ब्राह्मण हुन् । पढेर मात्र पनि हुँदैन अर्थ बुझेर व्यवहारमा लगू गर्नु पर्छ । बिचैमा ठूली नातिनी सोच्छिन् हाम्रा खनाल मामा प्रहरीमा हुनुन्छ नि हजुरको भनाइ अनुसार उहाँ ब्राह्मण हुनु भएन, अनि कान्छाबा निजामतीमा काम गर्नु हुन्छ, साइलाबा व्यापार गर्नु हुन्छ, उहाँ के हुनु भयो ? अनि हजुरबा भन्नु हुन्छ सनातन धर्मशाश्त्र अनुसार तिम्रा मामा क्षत्री हुन, कान्छाबा शुद्र हुन र साइलाबा वैश्य हुन् । सैनिक, प्रहरी, मंत्री, राष्ट्रपती जे थरका भए पनि कर्मले क्षत्रिय हुन, व्यापार गर्ने वैश्य हुन, सेवा गर्न भनि सिभिल नोकरी गर्ने सबै शुद्र हुन । थर विश्वकर्मा आदि भए पनि यदि तिनीहरु पण्डित, सन्त, योगी छन् भने ति सबै ब्राह्मण हुन् । दलित थर भनिनेलाई ब्राह्मण भन्छ र ? यो सामाजले नातिनीले प्रश्न तेर्साइन । शाश्त्र अनुसार मान्न पर्छ । २०७२ सालमा त्यो के त भूकम्प गएको वर्ष हामी एउटै घरमा वस्थिम नि एकजना ज्योतिषी पण्डित के त । उहाँको थर तराइ दलित हो । बनारस विश्व हीन्दू परिषदले उहाँलाई जगद गुरु उपाधी दिएको छ । उहाँले राजगुरु अनन्तश्री जगद गुरु लेख्नु हुन्छ । चिना लेख्ने,हेर्ने पूजा गराउनु हुन्छ त । उहाँसंग चिना हेराउन भनि कति जनाको भिड हुन्थ्यो त । भूकम्पको त्राशको बेला हामी माथिल्लो तलामा जान डराउदा तल्लो तलामा उहाँले पकाएको खाएको बिर्सउ र ? तर उहाँको छोराले अर्कै विषय पढ्दैछन्, उनी ब्राह्मण हुँदैनन् । काठमाडौंको शंखमुलमा साई केन्द्र छ । सञ्जय साई वावा भनेर कतिले ढोग्छन् । उहाँ पनि जन्मले न बाहुन , न क्षेत्रि न वैश्य हो तर धेरैले मान गर्छन् त। ए त्यसो भए हाम्रा एक जना पूर्व प्रधानमन्त्रीले अन्धविश्वासी विभेदकारी हिन्दू धर्मले गर्दा हाम्रो देशको विकास भएन भनेको भाषण पुरै झुठ्ठा रछ है हजुरबा नातिनीले कुरा बुझिन । क्रान्तिकारी हुँ भन्न भनेका नि,टिभिमा खबर देखेथिउ नि हालसालै पत्नी, छोरी सहित भारतको मन्दिरमा गएर पूजा गरेका । समाजमा भाडभैलो गर्ने, ब्राह्मणका छोरा हुन जात पनि ब्राह्मण तर भ्रम पार्न सीपालु पाखण्डी । बाइबलमा आस्था राख्ने देशमा पनि रंग भेद छ । अर्थात् गोरा र काला वर्णका मानिस बीच सदियौ भेदभाव रह्यो अद्यपी शेष छ । दक्षीण अफ्रिका भन्ने देशमा दश प्रतिशत गोरा जातिले नब्बे प्रतिशत काला जातिलाई शासन गरे, शोषण गरेका थिए । यस्ता विभेद जन्माएको शासकले हो । धर्मका अगुवाहरुले स्वार्थका लागि शासकको साथ दिए । धर्मका नाममा डर, भय पैदा गरे । आडम्वर धर्म हुँदै होइन । बुटी धागो जन्तर बांधेर दुख जादैन । यो त सबै अन्ध विश्वास हो । कमाउने धन्दा हो । मरेर जादा काम नलाग्ने धन तिमिलाई काम छैन, यो नाममा त्यो नाममा मलाई दान गर, मरेपछि फल पाउछौ, जति छ मलाई दिउ भन्नेले हो विगारेको । धर्ममा चमत्कार हुँदैन, जादुगरमा जस्तो । चमत्कारलाई नमस्कार । अन्ध विश्वासमा परेर यताउता भड्किन शाश्त्रले भनेकै छैन । आइत, मंगलबार नङ् काट्न हुँदैन, तेल लगाउन हुँदैन, शुक्रबार महिलाले कपाल नुहाउनु हुँदैन, पतिको आज्ञाविना विहिवार केश धुनु हुँदैन कुनै खास शाश्त्रमा छैन । खुला शौचालय, फोहर शौचालय प्रयोग गर्दा लगाएका लुगामा फोहर लाग्ला, झिंगा बस्ला भनेर छुट्टै बस्त्र लगाउने चलन अहिले पनि सफा र एटेच वाथरुमको सुविधा हुदा पनि पटक पटक बस्त्र बदल्नु, नुहाउने साबुन, सेम्पु पनि लगाउने तर तिल कुश तामाको अंखरामा राखेर पानी शिरमा खनाउने कुनै धार्मिक नियम होइन । समय कर्मले वदल्छ, कर्म राम्रो गरे समय पनि राम्रो हुन्छ ।

*धर्मस्य यायउपवर्गस्य नारर्थोयो कल्पते, नारर्थोस्य धर्मकान्तस्य कामोलाभाय हि समृतयः ।*

धर्म र अर्थ जीवनमा दुबै जरुरी छ । अर्थ अर्थात् धन सम्पत्तिमा चित्त बढी लगाउने कि धर्ममा, कहाँ कुनको उपयोग गर्ने भन्ने मूल विषय हो । जीवन जीउन धन अत्यावश्यक छ । तर धेरै अकुत धन जम्मा गर्न, धनको मात्र चित्तन गर्नु जीवन होइन । कुन कसरी उपयोग गर्नु पर्छ भन्ने जान्नु पर्दछ । शरिरको त्वचामा दाद भएको बिरामीलाई डाक्टरले दुई शिशि ओखतीमूलो दिएर भनेछन् यो दाद भएको ठाउँमा लगाउनु र यो खानु भनेर । बिरामीले लगाउनु पर्ने खाएछन, खानु पर्ने लगाएछन् । रोग निको हुनुको सट्टा थप रिएक्सन भए छ । हामी पनि त्यसै गरि रहेका छौ धर्म र अर्थको विषयमा । मनले धर्म गर्नुपर्ने, वारवार शरीरले अनेक तिर्थमा मार्चपास गरेर धर्म गर्छम । मन्दिर गयो फोटो देखायो, चन्दन टिका लगायो, माला लगायो धार्मिक देखायो । धार्मिक पहिचानका पहिरन र श्रृगार गर्नु हुँदैन भन्ने तात्पर्य किमार्थ होइन । ति लगाउदा सञ्जन, नैतिक देखिन्छ, अपराध र अपकार्य गर्नबाट निरुत्साहित हुन्छ, लगाउनु जरुरी छ । तर मनले पाप चिताउने, अपराध गर्ने, पहिरनले भने धार्मिक देखाउने आडम्वर गर्नु भएन । एक दिन नारदजीले भगवान तपाइलाई कहां पाउन सकिन्छ ? भनेछन् । म बैकुण्ठमा हुन्छु, सन्तको फदयमा हुन्छु तर सबै वार सबै समय नहुन पनि सक्छु । मनले मेरो नाम लिने भक्तको हृदयमा जतिबेला पनि हुन्छु । भगवानु वाच नाहं बसामी बैकुण्ठ, योगिनांम हृदयंच । मदभक्तां मंत्रगायान्ती तत्र तिष्टयन्ति नारद । विनाकारण हृदय खुसिले गदगद भयो भने बुझ्नु भगवानको कृपा भयो ।

*(...बाँकी अर्को अंकमा)*

# पाल्पामा निजामती कर्मचारी युनियनको सक्रियता

## कर्मचारीका गुनासा, समस्या सुन्दै र समाधानमा पहल गर्दै



**पाल्पा,** फागुन १८/नेपाल निजामती कर्मचारी युनियन पाल्पाले पछिल्लो समय आफ्ना गतिविधिहरुमा सक्रियता देखाएको छ । युनियनले संगठन विस्तार तथा सुदृढिकरण र कर्मचारीहरुका समस्या, गुसाना पहिचान गरी तिनीहरुको समाधान गर्ने कार्यमा सक्रियता देखाएको हो ।

उसले केन्द्रीय प्रतिनिधि र जिल्लाको शुभेच्छुक पार्टी नेतृत्वको सहभागीतामा आफ्ना गतिविधिहरुलाई सक्रियताका साथ अगाडि बढाएको छ । निजामती कर्मचारीहरुले भोग्नु परेका पिरमर्का, संघीय निजामती ऐन ल्याउन नसक्दा कर्मचारीहरुको वृद्धि विकासमा देखिएका समस्याहरुलाई संगठनात्मक रुपमा समाधान गर्न पहल गर्ने र सरकारलाई दवाव सिर्जना गर्न जिल्लामा छुट्टाछुट्टै कार्यक्रमको आयोजना गर्दै आइएको युनियनका जिल्ला अध्यक्ष रवी अर्यालले बताए । उनका अनुसार केही दिन अघि रामपुरमा संगठन विस्तार गर्नुको साथै त्यहाँका कर्मचारीहरुले भोग्नु परेको समस्या, गुनासाहरुका बारेमा छलफल तथा अन्तर्क्रिया गरिएको थियो । यस्तै गत मंगलबार युनियनले तानसेनमा एक भव्य समारोहको आयोजना गरी संगठन विस्तार तथा सुदृढिकरण अभियानका बारेमा व्यापक छलफल चलाएको छ । युनियनले शुक्रबार पनि छलफल तथा भेटघाट कार्यक्रमलाई निरन्तरता दिएको छ । उसले नेपाली काँग्रेसको जिल्ला नेतृत्व र युनियनमा आवद्ध कर्मचारीहरुसँग बसेर संगठन, विस्तार कर्मचारीहरुले भोग्नु परेका समस्याका बारेमा छलफल गरेको छ । कार्यक्रममा प्रमुख अतिथि नेपाली काँग्रेस पाल्पाका सभापति हिमालदत्त श्रेष्ठले पार्टी र युनियनको बिचमा सुमधुर सम्बन्ध रहेको बताए । उनले नेपाल निजामती कर्मचारी युनियनमा आबद्ध भएकै कारण जिल्लामा कसैले कर्मचारीलाई दुःख दिएमा त्यस्तो अवस्थामा पार्टी चुप लागेर नबस्ने समेत बताए । आफ्नो संगठनमा आवद्ध भएका कर्मचारीहरुको संरक्षण र बुद्धि, विकास गर्नको लागि नेतृत्वको महत्वपुर्ण भूमिका रहेको भन्दै सभापति श्रेष्ठले निजामती कर्मचारी युनियनको नेतृत्वलाई त्यसतर्फ ध्यान दिन सुझाव समेत दिए । उनले भने 'अहिले संक्रमणकालिन र नयाँ बाटो दुवै लिन लागेको अवस्था हो । यस्तो अवस्थामा उपलब्धी कायम राख्नुपर्छ, त्यसका लागि नेतृत्वमा रहेका साथीहरु चनाखो बन्न जरुरी छ ।' कर्मचारीहरुको अधिकार सुनिश्चत गर्ने दिशामा नेपाली काँग्रेस प्रतिवद्ध भए लाग्ने समेत सभापति श्रेष्ठले बताए । उनले अझै पनि स्थानीय तहमा रहेका कर्मचारीहरु बाहिर रहेकाले उनीहरुलाई पनि समेटेर लैजाने दिशामा युनियनले ध्यान दिनुपर्नेमा जोड दिए । युनियनका केन्द्रीय उपमहासचिव इन्दु शर्माले पछिल्लो समय राजनीति दल र कर्मचारीप्रति जनताको वितृष्ण पैदा भएको भन्दै त्यस्तो वातावरण सिर्जना हुन नदिन युनियनले प्रभावकारी भूमिका खेल्नु पर्ने बताए । उनले सधै कर्मचारीहरुको हकहितको लागि अग्रपंक्तिमा रहेर युनियनले आफ्ना गतिबिधि सञ्चालन गर्दै आएको धारणा समेत व्यक्त गरे । उपमहासचिव शर्माले आठ -आठ वर्ष हुँदा समेत राज्यले संघीय निजामती ऐन ल्याउन नसक्दा थुप्रै कर्मचारीहरुको बृद्धि विकास रोकिनु दुःखद भएको बताए । ऐन ल्याउनको लागि युनियन राज्यसँग गम्भिर भएर वार्ता छलफल गरिरहेको पनि उनले बताए । कर्मचारीहरुको हितमा निजामती ऐन ल्याउन लागि परेको उनको भनाई छ । शर्माले भने 'हामी उत्कृष्ट खेल खेलिरहेका छौं, तर गोल हान्न सकेका छैनौं ।' अबको केही दिनमा कर्मचारीलाई सम्बोधन हुने गरी संघीय निजामती ऐन संसदमा पेश हुने समेत उनले बताए । शर्माले यदि ऐन पारित नभएमा युनियन सशक्त रुपमा आन्दोलनमा उत्रने चेतावनी दिर्दै सबैलाई तयारी अवस्थामा रहन समेत आग्रह गरे । कार्यक्रममा प्रजातन्त्र वन प्राविधिक संघका केन्द्रीय सदस्य रामचन्द्र लामा, सदस्य टेकबहादुर घर्ती लगायतले संघीय निजामती ऐन नबन्दा र प्रदेशले ल्याएको ऐन कार्यान्वयन नहुँदा आफुहरुले समस्या भोग्नु परेको बताएका थिए । उनीहरुले काम नगरे गरेनन् भन्ने गरे कुनै न कुनै बाहनामा फसाउने प्रवृत्तिले आफुहरु समस्यामा परेको गुनासो गरे । शुक्रबार भएको कार्यक्रम युनियनका जिल्ला अध्यक्ष रवी अर्यालको अध्यक्षता, पूर्व जिल्ला अध्यक्ष विनोद घिमिरेको स्वागत, जिल्ला सचिव ओमप्रकाश न्यौपानेको सञ्चालनमा भएको थियो । युनियनको संगठन विस्तार तथा शुद्धिकरणका लागि केन्द्रीय अर्का उपमहासचिव गणेश भण्डारी, केन्द्रीय सदस्यहरु विनोद अधिकारी, हरी ज्ञवाली लगायतका केन्द्रीय प्रतिनिधिहरुको सभागिता रहेको छ ।

# रिब्दीकोट गाउँ सरकारद्वारा...

...पालिकाभित्र जाड रक्सी खानेलाई हामीले नसुधारे कसले सुधार्ने ? हामीले हेरचाह, परामर्श नगरे कसले गर्ने ? काम जानेका छन्, कोही सिर्कर्मी छन्, कोही डकर्मी छन्, कोही फलामको काम गर्छन् कोही ज्याला, मजदुर गर्छन्, दैनिक एक हजारदेखि पन्ध सयसम्म कमाउँछन् तर दिउँसोमा कमाएको पैसा साँझमा उडाउँछन्, जसको कारण, नत आफ्नो टुंगो लाग्छ, नत परिवारले राम्रो खान लाउन, शिक्षा दिक्षा पाउँछन्, अन्तिममा कुकुर मोराईमा मानिसको मृत्यु हुन्छ, यस्ता व्यक्तिहरुलाई परिवर्तन गरी पारिवारीक सामाजिक क्षेत्रमा क्रियासिल बनाउनको लागि हामी लागिपरेका छौं' उनले भने । गाउँपालिकाले पुरुष मात्र होइन नियमित रक्सी सेवन गर्ने महिला श्रमिकहरुलाई समेत सम्मान गरेको छ । विकास निर्माणसंगै, सभ्य समाज निर्माण गर्नु, समाजमा हुने विकृति विसंगति हटाउनु, गलत बाटो तथा संस्कारमा लागेका व्यक्तिहरुलाई साहारा दिई सुधार गर्नु स्थानीय सरकारको दायित्व सम्झेर काम गरेको उपाध्यक्ष कान्ता अधिकारीले बताइन् ।

गाउँघरमा रहेका विकृति विसंगति हटाई सभ्य समाज निर्माण गर्ने जिम्मेवारी पालिकाको भएकाले यस्तो अभियान चलाइएको प्रमुख प्रशासकीय अधिकृत मणीप्रसाद खनालले बताए । कार्यक्रममा पत्रकार महासंघ पाल्पाका सचिव यज्ञमूर्ति तिमिल्सीनाले पालिकाले श्रमिकहरुको सम्मान गरेर जिल्लामै नमूना काम गरेको बताए । पालिकाभरीका नियमित जाड, रक्सी खाने श्रमिकहरुलाई सम्मान मात्र होईन उनीहरुलाई रक्सी सेवन बाट हुने आफ्नो स्वास्थ्य, पारिवारिक अवस्था, समाजमा पार्ने प्रभाव, कानुनी दण्ड सजायसंगै कम उमेरमा हुने मृत्युको बारेमा पूर्व पत्रकार रामप्रसाद न्यौपाने, गाउँपालिकाका स्वास्थ्य शाखा प्रमुख सुनिल अधिकारी, प्रहरी हवलदार गोविन्द किसानले प्रशिक्षण दिएका थिए ।

पालिकाले रक्सी छोड्ने युवाहरुलाई प्रधानमन्त्री रोजगार कार्यक्रम मार्फत रोजगारीमा प्राथमिकता दिने रोजगार संयोजक दुर्गा पछाईले बताइन् । पालिकाले जोखिम मोलेर नयाँ कार्यक्रम शुरु गरेको र आगामी वर्ष, समाजमा हुने गरेका विकृति विसंगति हटाउन, जाड रक्सीमा भुलेका युवाहरुलाई श्रम र सीप, आयआर्जनसंग जोड्ने गरी गाउँपालिकाले नीतिगत व्यवस्था गर्ने विषयमा छलफल शुरु भएको पालिकाका सूचना अधिकारी रुकलाल भट्टराईले बताए ।


## सन्तोष चलचित्र मन्दिरमा...



सन्तोष चलचित्र मन्दिर तानसेनमा

आज फागुन १८ गतेदेखि भव्यताका साथ नेपाली चलचित्र दैनिक २ शो **'अगस्त्य'** र १ शो हिन्दी चलचित्र **'लापताह लेडिस्'** प्रदर्शन भइरहेको छ ।

*पहिलो शो : ११:३० बजे, दोस्रो शो : २:३० बजे नेपाली चलचित्र **'अगस्त्य'***

*कलाकारहरु (निश्चल बस्नेत, सौगात मल्ल, नाजिर हुसेन र मालिका महत)*

*र तेश्रो सो साझ ५:३० बजे हिन्दी चलचित्र **'लापताह लेडिस्'***

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५९

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*


खेलकुद समाचार

## नामिबियामाथि नेपालको रोमाञ्चक जित



**काठमाडौं,** फागुन १८/त्रिकोणात्मक टी-२० अन्तर्राष्ट्रिय क्रिकेट शृंखलाको शुक्रबार खेलिएको रोमाञ्चक खेलमा नेपाल विजयी भएको छ । आफ्नो तेस्रो खेलमा नेपालले नामिबियालाई तीन रनले पराजित गरेको हो ।

जितसँगै नेपालले फाइनल प्रवेशको सम्भावना पनि जिवितै राखेको छ । कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा टस हारी पहिले ब्याटिङको निम्तो पाएको नेपाली टोलीले निर्धारित २० ओभरमा आठ विकेट गुमाएर एकसय ८० रन बनाएको थियो । जवाफी ब्याटिङमा ओर्लिएको नामिबियाले निर्धारित ओभरमा सात विकेट गुमाएर एक सय ७७ रनमात्र बनाउन सक्यो । अन्तिम ओभरमा करण केसीले कसिलो बलिङ गरेपछि नेपालको जित सम्भव भएको थियो । नेपाली टोलीका बलर करण केसी, सोमपाल कामी र दीपेन्द्रसिंह ऐरीले दुई-दुई विकेट लिए । अर्को एक विकेट अविनाष बोहराले लिएका थिए । नामिबियाका लागि कप्तान जोनाथन स्मितले अर्धशतक बनाए पनि टोलीको जितका लागि त्यो पर्याप्त हुन सकेन । जन फ्राइलिंकले ३७ र कोट्जीले २५ रन जोडे । जेन ग्रिन २३ रनमा अविजित रहे । नामिबियाले अतिरिक्त रुपमा ११ रन पायो । पहिले ब्याटिङ गरेको नेपालका लागि भने कुशल मल्लले अर्धशतकीय पाली खेलेका थिए । उनले अविजित ५५ रनको योगदान गरे । आक्रामक रुपमा प्रस्तुत भएका उनले केवल ३७ बलको सामना गरी चार छक्का र एक चौका हिर्काए । छैटौं नम्बरमा क्रिज समाल्न आएका कुशल मल्लले ३० बलमा अर्धशतक पुरा गरेका थिए । १९ वर्षीय कुशलले टी-२० अन्तर्राष्ट्रिय क्रिकेटमा बनाएको यो चौथो अर्धशतक हो । उनले टी-२० अन्तर्राष्ट्रियमा एउटा शतक पनि बनाएका छन् । कुशल मल्लाका अतिरिक्त नेपालका लागि आरिफ शेखले पनि ३१ रनको योगदान गरे । गुलसन झाले पनि २६ रन बनाए । ओपनर अनिल साहले २३ रन बटुले । दीपेन्द्रसिंह ऐरीले १६ र कप्तान रोहित पौडेलले १० रन जोडे । प्रतिस जिसी एक रनमा अविजित रहे । नेपालले अतिरिक्त रुपमा पनि आठ रन पायो । नामिबियाका बलर बेन सिकोंगोले तीन विकेट लिए । ज्याक ब्रासेलले पनि दुई विकेट हात पारे । रुबेन ट्रम्पलम्यान, जन निकोल लफ्टी एटन र बेनार्ड स्कोल्जले एक-एक विकेट लिए । जारी शृंखलामा नेपाल र नामिबिया दुबैले आफ्नो तेस्रो खेल खेलेका हुन् । नेपाल यसअघि आफूले खेलेको दुबै खेलमा पराजित भएको छ । नेपाललाई पहिलो खेलमा नामिबियाले २० रनले र दोस्रो खेलमा नेदरल्यान्ड्सले दुई रनले हराएको थियो ।

कर्पोरेट/अर्थ समाचार

# ग्लोबल बैंकले सञ्चालन गऱ्यो सातै प्रदेशमा वित्तीय साक्षरता




**पाल्पा,** फागुन १८/ग्लोबल आईएमई बैंक लिमिटेडले सातै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको छ । संस्थागत सामाजिक उत्तरदायित्व अन्तर्गत वित्तीय पहुँचबाट बाहिर रहेका विभिन्न लक्षित वर्गहरु पहिचान गरी बैंकले सबै प्रदेशमा वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरेको हो ।

देशभरका ३५ शाखाबाट एकसाथ वित्तीय साक्षरता कार्यक्रम सञ्चालन गरिएको बैंकले जनाएको छ । बैंकले लुम्बिनी प्रदेश अन्तर्गत कपिलवस्तुको कपिलवस्तु नगरपालिका, बाणगंगा नगरपालिका, शिवराज नगरपालिका, दाङको घोराही उपमहानगरपालिका, गुल्मीको रेसुङ्गा नगरपालिका, इस्मा गाँउपालिका, नवलपरासीको बर्दघाट नगरपालिका, पाल्पाको तानसेन नगरपालिका, प्युठानको प्युठान नगरपालिका, रोल्पाको परिवर्तन गाँउपालिका, सुनिलस्मृति गाँउपालिका, रुपन्देहीको सैनामैना नगरपालिका, बुटवल उपमहानगरपालिका र तिलोत्तमा नगरपालिकामा कार्यक्रम सञ्चालन गरिएको जनाएको छ ।

कार्यक्रममा कृषक, लघु, साना तथा मझौला उद्यमी, मजदुर, वैदेशिक रोजगारमा जाने सम्भावित व्यक्ति, विद्यार्थी, महिला, विप्रेषण प्रापक तथा स्थानीय युवायुवतीको सहभागिता रहेको थियो । कार्यक्रममा ४ हजारभन्दा बढीलाई बचत, कर्जा, रेमिट्यान्स, डिजिटल बैंकिङ, बीमा, लगानी, अतिरिक्त बैंकिङ सेवा, वित्तीय ठगी र वित्तीय अनुशासन सम्बन्धी विषयवस्तुमा जानकारी गराइएको बैंकले जारी गरेको विज्ञप्तिमा उल्लेख छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :

यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.

तानसेन, पाल्पा

०७५-५२१४६४, ५२१४६६

E-mail

news.uniquefm@gmail.com

www.uniquefm942.com

हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई